कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# राधी विद्युत कम्पनी लिमिटेड

# RADHI BIDYUT COMPANY LIMITED

त्रिपुरेश्वर ११, काठमाण्डौं, फोन नं. ०१-४२३२७४८/०१-४२३२७४९,
E-mail: info@radhibidyut.com.np
Website: www.radhibidyut.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०७३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| प्रति शेयर आम्दानी (रु.) | (२.१५) | १३.९१ | १५.४५ | १४.५३ | १७.२४ | १९.२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९७.८५ | १११.८ | ११५.४ | १३६.१४ | १५३.४ | १७२.८ |

कम्पनीले आफ्नो जारी पूंजी रु ४१,००,००,०००/- को १५ प्रतिशतको दरले हुन आउने रु. ६,१५,००,०००/- रकम बराबरका रु. १००/- अंकित दरका ६,१५,०००/- कित्ता मा आयोजना प्रभावित क्षेत्रका स्थानी बासिन्दाहरुका लागी निष्काशन गरिएको ४,१०,००० कित्ता मध्ये माग हुन नआएको १,४९,५५० कित्ता थप गरि जम्मा ७,६४,५५० कित्ता (५% अर्थात ३८,२२८ कित्ता सामुहिक लगानी कोषका लागी तथा २% अर्थात १५,२९१ कित्ता कर्मचारीहरुका लागी छुट्याइएको समेत) साधारण शेयर सर्वसाधारण निष्काशन गरिएको । संस्थापक, सञ्चालक तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई जारी गरेको शेयर खरिद गरेकाले सार्वजनिक निष्कासनमा आवेदन दिन पाउने छैनन् ।

**दरखास्तसाथ प्रति शेयर रु. १०० /- को दरले (शत् प्रतिशतले) भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण:**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस राधी विद्युत कम्पनी लिमिटेडले जारी गर्न लागेको साधारण शेयरलाई इक्रा नेपाल लिमिटेडले औसत आधारहरु (Fundamentals) जनाउने "[ICRANP] IPO Grade 3" ग्रेडिङ्ग मिति २०७४/०५/१५ मा प्रदान गरेको छ र सो ग्रेडिङ्ग मिति २०७४/११/१५ सम्म बहाल रहनेछ ।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत भएको मिति : २०७४/०७/०७**
**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७४/०७/२७**

| | |
|---|---|
| निष्काशन खुल्ला मिति | २०७४/०९/०३ |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | २०७४/०९/०६ |
| निष्काशन बन्द हुने मिति (ढिलामा) | २०७४/०९/१७ |

बैंकिङ्ग समय पश्चात्

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
नारायणचौर, नक्साल, काठमाण्डौं
फोन: ४४११६०४/४४११७३३, फ्याक्स: ४४१०५५४
Email :nabilinvest@nabilbank.com | URL: www.nabilinvest.com.np

## ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०७३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक" भन्नाले नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड सम्झनु पर्दछ ।

ग) "संगठित संस्था" भन्नाले निष्काशनकर्ता कम्पनी राधी बिद्युत कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्था सम्झनु पर्दछ ।

ङ) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रवन्धकसंग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभाग सम्झनु पर्दछ ।

छ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले राधी विद्युत कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापक सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

## २. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १ | नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np |
| २ | राधी बिद्युत कम्पनी लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं र वेवसाइट : www.radhibidyut.com.np |

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १ | आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु |

## ग. १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सन्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस राधी विद्युत कम्पनी लिमिटेडको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## २ संगठित संस्थाको उद्घोषण :

**क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रवन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो संग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सन्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख. संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस संगठित संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संस्थाको बारेमा प्रकाशित अन्य कुनै सुचना वा जानकारीको जवाफदेहिता संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले वहन गर्नुपर्नेछ ।

**ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं ।

**घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस संस्थाका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ३ संगठित संस्था सम्बन्धी जानकारी :

**क. संगठित संस्थाको पृष्ठभूमि :**

**(१) संस्थाको नाम** : राधी विद्युत कम्पनी लिमिटेड **(Radhi Bidyut Company Ltd)**

**(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:**

यस कम्पनी कम्पनी ऐन, २०५३ बमोजिम मिति २०६२ साल जेष्ठ ५ गते का दिन कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापित ।

**(३) संस्थाको रजिष्टर्ड ठेगाना:**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ ।

**(४) कारोबार गर्ने मुख्य स्थान :**

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र लमजुङ जिल्लाको साविक घेर्मु गा.वि.स हाल मर्स्याङदी गाउँपलिका वडा नं. ५मा रहेको छ ।

**(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

- राधी विद्युत कम्पनी लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६२/०२/०५ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ ।
- नेपाल सरकार,जलस्रोत मन्त्रालयबाट मिति २०६५/०२/०९ मा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई, मिति २०६८/०१/२८ मा नेपाल सरकार,ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६७/०६८ वि.उ. ०४७) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०३/०१/२७ गते सम्म बहाल रहनेछ ।
- कम्पनीमा संस्थापक शेयरधनीको रुपमा लमजुङ विद्युत विकास कम्पनी लिमिटेड, साङ्गे विद्युत कम्पनी लिमिटेड, एनटेक पावर प्रा.ली., सि.इ.डि.बि हाइड्रो फण्ड लि. लगायतका शेयरधनीहरु रहेका छन् ।
- यस कम्पनीले घेर्मु गा.वि.स. १, २, र ३, लमजुङमा राधी खोलाको पानी उपयोग गरी ४.४ मेगावाट क्षमताको राधी साना जलविद्युत आयोजना सफलता पुर्वक निर्माण सम्पन्न गरी २०७१ साल जेष्ठ ३१ गतेबाट व्यापारिक उत्पादन समेत सुरु गरि राष्ट्रिय ग्रीडमा बिक्री गरीरहेको छ ।

- यस ४.४ मेगावाट क्षमताको राधी साना जलविद्युत आयोजना रु. ६१.३२ करोड मा सम्पन्न भएको हो । प्रति मेगावाट उत्पादन लागत रु.१३.९ करोड रहेको छ । यस आयोजना 75:25 debt equity ratio मा निर्माण भएको हो । वित्तिय परिसूचक निम्नअनुसार रहेको छ (NPV=NRs. 318.0 million, IRR=16.96%, B/C ratio=1.60, ROE=30.70%, Disc. Payback Peroid=8.95 yrs)।
- कम्पनीले निर्माण गरेको राधी साना जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६/१०/१८ गते विद्युत खरिद बिक्री सम्झौता समेत सम्पन्न भएको हो । उक्त सम्झौताको पहिलो संशोधन मिति २०६८/१०/२७ गते भएको छ भने सुविधा सम्बन्धि सम्झौता समेत २०७१/०७/०३ गते सम्पन्न भैसकेको छ ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्नबमोजिम रहेका छन् ।

क) राधी साना जलविद्युत आयोजनाबाट वार्षिक २६,२६७,५४३ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि २१,१७४,३६६ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ५,०९३,१७७ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख) मिति २०६६/१०/१८ मा कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद/बिक्री सम्झौता अनुसार विद्युतको खरिद मुल्य वर्षायामका आठ महिनाको लागि प्रति किलोवाट घण्टा रु.४.०० (चार रुपैया मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागी प्रति किलोवाट घण्टा रु.७.०० (सात रुपैया मात्र) तोकिएको छ र सुविधा सम्बन्धी सम्झौता मिति २०७१/०७/०३ अनुसार विद्युतको खरिद मुल्य वर्षायामका आठ महिनाको लागि प्रति किलोवाट घण्टा रु.४.८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागी प्रति किलोवाट घण्टा रु.८.४० (आठ रुपैया चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु भएको आर्थिक वर्षलाई आधार मानि खरिद दरमा वार्षिक ३% का दरले पाँच पटक साधारण मुल्यबृद्धि दिदा हुन आउने खरिददर दिइने छ ।

ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

**कम्पनीको प्रवन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।**

१) साना विद्युत आयोजनाहरु अध्ययन गर्ने, योजना निर्माण गर्ने र विद्युत वितरण गर्ने ।

२) विद्युत एकमुष्ट खरीद गरी ग्रामीण र शहरी क्षेत्रमा बिक्री वितरण गर्ने र साना जलविद्युत आयोजना खरीद वा लिजमा लिई विद्युत बिक्री वितरण गर्ने ।

३) आवश्यक स्वीकृति लिई विद्युत योजनाको निर्माण गर्ने, विद्युत प्रसारण गर्ने, विद्युत वितरण गर्ने, तथा विद्युत खरिद बिक्री सम्झौता गर्ने ।

४) दक्ष तथा अदक्ष कामदार र प्राविधिक तथा अप्राविधिक जनशक्तिलाई नियुक्त गर्ने वा काममा लगाउने ।

५) आयोजना कार्यान्वयनको लागि आर्थिक श्रोतको बन्दोबस्त गर्ने ।

६) आवश्यक स्विकृती लिई विदेशी दक्ष वा अदक्ष प्राविधिक जनशक्ति नियुक्त गर्ने वा काममा लगाउने ।

७) नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री सम्झौता गरी स्थानीय स्तरमा विद्युत वितरण गर्ने ।

८) विभिन्न जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**(६) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

**(७) अन्य विवरणहरु::**

**(१) संगठित संस्थाले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु**

कम्पनीले देशमा विद्युतशक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ/संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्धगरी विद्युत उत्पादन, वितरण, प्रसारणलाईन निर्माण तथा संभार गर्ने मुख्य उद्देश्य अनुरुपका सेवाहरुका साथै माथि अनुरुपका उद्देश्यमा उल्लेखित सम्पूर्ण सेवाहरु प्रदान गर्दै आएको छ ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

यो परियोजना Run off River मा आधारित जलविद्युत आयोजना हो । यस परियोजनामा Run off River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

**(३) कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र बैंकसँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

कम्पनीले साविक घेर्मु र ताघ्रिङ गा.वि.स. वडा नं. १, २, र ३ हाल मर्स्याङदी गाउँपालीका वडा नं. ५ र ४, लमजुङमा राधी खोलाको पानी उपयोग गरी ४.४ मेगा वाट क्षमताको राधी साना जलविद्युत आयोजना सफलता पुर्वक निर्माण सम्पन्न गरी २०७१ साल जेष्ठ २१ गतेबाट व्यापारिक उत्पादन समेत सुरु गरि राष्ट्रिय ग्रीडमा बिक्री गरीरहेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरुसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायीक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी उद्यमीको रुपमा आफुलाई स्थापित गर्ने क्रममा रहेको छ । यसै परिपेक्ष्यमा युनिभर्सल पावर कम्पनी लिमिटेडको नाममा रहेको दोलखा जिल्लामा अवस्थित ११ मेगावाट तल्लो खारे खोला जलविद्युत आयोजना, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडको नाममा रहको लमजुङ जिल्लामा अवस्थित १०.३ मेगावाट दोर्दी १ जलविद्युत आयोजना तथा राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको नाममा रहको रुकुम जिल्लामा अवस्थित ५ मेगावाट रुकुम गाड जलविद्युत आयोजनामा लगानी गर्ने योजना रहेको छ । यी सबै आयोजनाको विद्युत खरिद बिक्री सम्झौता र Financial closure सम्पन्न भइसकेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ र कम्पनीको प्रमुख बजार नेपाल अधिराज्यभर रहेको छ ।

**(७) उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**

राधी साना जलविद्युत आयोजनाको उत्पादन क्षमता ४.४ मेगावाट रहेको र सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई ग्रीड मार्फत् आपूर्ति भइरहेको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

खोलाको पानी, अधिकतम् क्षमता ०.८७ घन.मी. प्रति सेकेण्ड, अनुमतिपत्रको अवधिभर स्वीकृत प्राप्त गरेको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

नेपाल विद्युत प्राधिकरण र राष्ट्रिय प्रशारण कोड (ग्रीड कोड) अनुसार विद्युत उत्पादन भईरहेको छ ।

**(१०) अनुसन्धान तथा विकास :**

कम्पनीले आफ्नो र आफ्ना ग्राहकहरुका निम्ति परामर्श सेवा तथा देशमा रहेका विभिन्न जलविद्युत योजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन गर्ने गरेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा,व्यवधान** : सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

कम्पनीको कुल विद्युत उत्पादन क्षमता ४.४ मेगावाट मात्र रहेको हुँदा यो आयोजनाले बजारको सानो अंश मात्र परिपूर्ति गर्ने र विद्युतको हाहाकार भएको बर्तमान अवस्थामा उत्पादन गर्न सकेमा ठूलो परिमाणमा उर्जाको माग रहेको हुँदा बजारको समस्या रहेको छैन । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति सम्झौतागरी अग्रीम बिक्री हुने हुँदा नेपाली लगानीकर्ताको लागी यो लाभदायक र उपयुक्त क्षेत्र हो ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै(संस्थाको कुल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने ततसम्बन्धी विवरण)** :

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने ततसम्बन्धी विवरण)** : सो नभएको ।

**ख सम्पत्तिको विवरण :**

**(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

लमजुङ जिल्लामा अवस्थित राधी खोला साना जलविद्युत आयोजनाको बाँध, इन्टेक, कनेक्टिंग केनेल तथा डिसेण्डिग बेसिन घेर्मु गा.वि.स. वडा नं १ र २, लमजुङमा रहेको छ भने आयोजनाको १७३९.८३ मिटर लामो हेडरेस तथा पेनस्टक पाइप र सो को सपोर्टको लागि बनाइएका सेडल सपोर्ट तथा एंकरब्लक, सर्जटैंक, विद्युतगृह, स्वीचीग स्टेशन, टेलरेस तथा क्याम्पहाउस घेर्मु गा.वि.स. वडा नं ३ मा अवस्थित छन् । राधी खोला साना जलविद्युत आयोजनाको Electro-mechanical उपकरणहरु India को B. Fouress Pvt. Ltd ले निर्माण, सप्लाई तथा जडान गरेको हो । कम्पनीले कार्यालय प्रयोजनको लागी का.म.न.पा. ११, त्रिपुरेश्वर, Bluestar Complex को दोस्रो तल्लामा १,०७० वर्ग फिट क्षेत्रफल भाडामा लिएको छ । सो क्षेत्रमा कम्पनीले आफ्नो कार्यालय निर्माण गरी दैनिक कार्य सन्चालन गरिरहेको छ ।

**कम्पनीको हालको सम्पत्तिको अवस्था निम्नअनुसार उल्लेख गरिए बमोजिम रहेको छ ।**

| विवरण | मौज्दात रु. (०७२/७३) |
|---|---|
| जग्गा | १५,५१८,६६६।७२ |
| भवन | ४,३६५,२४२।९५ |
| अन्य इन्फ्रास्ट्रक्चर | १,५१२,६६२।१८ |
| बेलि ब्रिज | १४,०४२,१९७।६४ |
| Access Road | १०,१५९,७१५।०० |
| **सिभिल कार्य** | |
| हेड वर्क्स | ४२,९३३,५३३।४८ |
| राधी खोला कभिड | ३,६२२,१६४।२८ |
| पेनस्टक र सर्ज ट्यांक | ९१,२२२,४०३।१४ |
| स्विचयार्ड र सब-स्टेशन | ८१,३३८,१८३।४६ |
| हाइड्रो मेकानिकल | |
| गेट्स र स्टोपेज | ५,२६१,४५५।४५ |
| हेडरेस र पेनस्टक पाइप | १४,०३८,०४३।१० |
| पेन बाउन्ध र सर्ज ट्यांक | ३,४३५,०७५।९१ |
| **ईलेक्ट्रोमेकानिकल** | |
| पावर हाउस | १६७,३०४,११५।८९ |
| सब-स्टेशन र स्विचयार्ड | २४,०३६,७०७।१० |
| रोपवे सिस्टम | ६,५४८,३८७।१० |
| मेसिनरी तथा औजार | २०७,७३२।४८ |
| अन्य | १३६,५०२।४१ |
| सवारी साधन | १००,८८२।०० |
| फर्निचर तथा फिक्चर्स | ४७,१०७।२१ |
| कम्प्युटर | २८,१४१।३६ |
| कार्यालय उपकरण | |
| **यस वर्षको मौज्दात (रु.)** | **५६६,६६८,५१३।१४** |

**(२) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो वा लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):**
कम्पनीले उपरोक्त बुँदा (क) मा उल्लेख गरेको सम्पत्ति कम्पनीको आफ्नै सम्पत्ति हो ।

**(३) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण:**
यो परियोजना निर्माण तथा संचालनका लागि आवश्यक ऋण पुँजी जुटाउन परियोजनाका भौतिक संरचनाहरु बैंक अफ काठमाडौंको सह वित्तियकरणमा कुमारी बैंक लि., ग्लोबल आई.एम.ई बैंक लि., जनता बैंक लि. तथा सानिमा बैंक लि. को नाममा धितोमा रहेको छ ।

**(४) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण:** सो नभएको ।

**(५) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण:** कम्पनीको सम्पूर्ण सम्पतिहरु ऐतिहासिक लागत मूल्यमा मूल्यांकन गरिएको छ ।

**ग. भावी योजना तथा रणनीति :**

**(१) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति:**
कम्पनीको मुख्य उद्देश्य जलविद्युत आयोजनाहरुको अध्ययन, आयोजना निर्माण , विद्युत वितरण, अन्य जलविद्युत आयोजनाहरुमा लगानी र जलविद्युत कम्पनीहरुको धितोपत्रमा लगानी गरि नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ । कम्पनीको विभिन्न जलविद्युत योजनाहरुको विवरण यस प्रकार रहेको छ ।

**क. दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड (दोर्दी १ जलविद्युत आयोजना १०.३ मे.वा.)**

**(१) आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पुरा गरेको ।**
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६६/११/१४ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ । यस कम्पनीले लमजुङ जिल्लामा अवस्थित १०.३ मेगावाट दोर्दी १ जलविद्युत आयोजना विकास गर्दैछ ।

**(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको ।**
यस कम्पनीको आ.व. २०७१।७२ को लेखापरीक्षण तथा साधारणसभा मिति २०७२/१२/१२ गते सम्पन्न भएको हो ।

**(३) आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिईसकेको ।**
नेपाल सरकार,ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६९/०७० वि.उ. ०८२) मिति २०६९/१०/१२ गते प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०४/१०/११ गते सम्म बहाल रहनेछ ।

**(४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यलय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको ।**
१०.३ मेगावाट क्षमताको दोर्दी १ जलविद्युत आयोजनाको लागि आवश्यक जग्गा खरिद गरिसकेको र आयोजना स्थलमा Camp House निर्माण भैसकेको छ ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको ।**
आयोजनाको लागि आवश्यक Civil, Hydromechnical & Electromechnical को लागि PQ Notice निष्काशन गरि छनोट प्रकृया अगाडि बढाईएको छ ।

**(६) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको ।**
सानिमा बैंक लि. को सह वित्तियकरणमा लक्ष्मी बैंक लि., कृषि विकास बैंक लि., कैलाश विकास बैंक लि. र यति विकास बैंक संग परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर सम्पन्न भएको छ ।

**(७) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको ।**
दोर्दी खोला जलविद्युत कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच २०७१/०६/१९ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको हो । उक्त सम्झौताको पहिलो संशोधन मिति २०७३/०४/१९ गते सम्पन्न भैसकेको छ ।

**अन्य जानकारी**

- यस कम्पनीले लमजुङमा दोर्दी खोलाको पानी उपयोग गरी १०.३ मेगावाट क्षमताको दोर्दी १ जलविद्युत आयोजना निर्माण गरी २०७६ साल मंसिर १६ गतेबाट व्यापारिक उत्पादन गरि राष्ट्रिय ग्रीडमा बिक्री गरीने छ ।
- यस १०.३ मेगावाट क्षमताको दोर्दी १ जलविद्युत आयोजनाको लागत रु. १८५.८७ करोड रहेको हो । प्रति मेगावाट उत्पादन लागत रु१८.०४ करोड रहेको छ । वित्तिय परिसुचक निम्नअनुसार रहेको छ (NPV=NRs.542.47 million, IRR=14.02%, B/C ratio=1.30, ROE=18.63%, Disc. Payback Peroid=9.85 yrs) ।

**ख. राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड (रुकुम गाड जलविद्युत आयोजना ५ मे.वा.)**

**(१) आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पुरा गरेको ।**
राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६७/०७/०५ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ । यस कम्पनीले रुकुम जिल्लामा अवस्थित ५ मेगावाट रुकुम गाड जलविद्युत आयोजना विकास गर्दैछ ।

**(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको ।**
यस कम्पनीको आ.व. २०७२।७३ को लेखापरीक्षण तथा साधारणसभा मिति २०७३।१०।२३ गते सम्पन्न भएको हो ।

**(३) आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिईसकेको ।**
नेपाल सरकार,ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७१/०७२ वि.उ. १३६) मिति २०७२/०३/०९ गते प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०७/०३/०८ गते सम्म बहाल रहनेछ ।

**(४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यलय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको ।**
५ मेगावाट क्षमताको रुकुम गाड जलविद्युत आयोजनाको लागि आवश्यक जग्गा खरिद गरिसकेको र आयोजना स्थलमा Camp House निर्माण भैसकेको छ ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको ।**

आयोजनाको लागि आवश्यक Civil, Hydromechnical & Electromechnical को लागि एल त्यतथ्रम निष्काशन गरि छनोट प्रकृया अगाडि बढाईएको छ ।

(६) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको ।**

प्राईम कमर्सीयल बैंक लि. को सह वित्तियकरणमा सेन्चुरी कमर्सीयल बैंक लि. र काष्ठमान्डप विकास बैंक संग परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर सम्पन्न भएको छ ।

(७) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको ।**

राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच २०७३/०३/०७ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको हो । उक्त सम्झौताको पहिलो र दोस्रो संशोधन मिति २०७४/०३/२७ र २०७४/०३/२९ गते भएको छ ।

**अन्य जानकारी**

- यस कम्पनीले रुकुममा रुकुम गाड खोलाको पानी उपयोग गरी ५ मेगावाट क्षमताको रुकुम गाड जलविद्युत आयोजना निर्माण गरी २०७६ साल पौस ०१ गतेबाट व्यापारिक उत्पादन गरि राष्ट्रिय ग्रीडमा बिक्री गरिने छ ।
- यस ५ मेगावाट क्षमताको रुकुम गाड जलविद्युत आयोजनाको लागत रु. ९६.८७ करोड रहेको हो । प्रति मेगावाट उत्पादन लागत रु.१९.२ करोड रहेको छ । वित्तिय परिसुचक निम्नअनुसार रहेको छ (NPV=NRs.314.36 million, IRR=14.78%, B/C ratio=1.42, ROE=21.18%, Disc. Payback Peroid=9.9 yrs) ।

(ग) **रुकुम गाड जलविद्युत आयोजना**

राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको नाममा रहेको रुकुम जिल्लामा अवस्थित ५ मेगावाट रुकुम गाड जलविद्युत आयोजनाको अध्ययन कार्य सम्पन्न गरि नेपाल सरकारबाट Generation License प्राप्त भैसकेको छ । नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता र Financial closure सम्पन्न भइसकेको छ । यस आयोजनामा कम्पनीको रु. ५ करोड सम्मको लगानी हुन सक्नेछ ।

(घ) **अन्य जलविद्युत आयोजना**

यस कम्पनीले भविष्यमा अन्य आकर्षक जलविद्युत आयोजनाहरुमा लगानी गर्न सक्नेछ ।

(२) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशमा विद्युत आपूर्तिको कमि रहेको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन पूर्व नै विद्युत खरीद बिक्री सम्झौता सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा नरहने र आयोजनाबाट विगत २ वर्ष देखि सन्तोषजनक उत्पादन प्राप्त भइरहेको हुनाले कम्पनीले छोटो समायावधीमा आफ्नो अलग पहिचान समेत स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरुले चर्को लोडसेडिङको मार खेप्नु परेको छ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताको लागी अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

## घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति गठन गरिएको छ ।

| | |
|---|---|
| समूह "क" का उप समूह "क १" बाट | ४ जना |
| समूह "क" का उप समूह "क २" बाट | १ जना |
| समूह "ख" सर्वसाधारण शेयरधनीहरू बाट | २ जना |
| **जम्मा** | **७ जना** |

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

## ४. पूंजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी:** कम्पनीको अधिकृत पूंजी रु. १,५०,००,००,०००/- (अक्षरेपी रु. एक अर्ब पचास करोड मात्र) रहेको छ । उक्त पूंजीलाई रु. १००/- का दरले १,५०,००,००० (एक करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी:** कम्पनीको जारी पूंजी रु. ४१,००,००,०००/- (अक्षरेपी रु. एकचालिस करोड मात्र) रहेको छ । उक्त पूंजीलाई रु. १००/- का दरले ४१,००,००० (एकचालिस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूंजी रु. ३३,३५,४५,००० (अक्षरेपी रु. तेतीस करोड पैंतिस लाख पैंतालीस हजार मात्र) रहेको छ । सर्वसाधारणको लागि छुट्याइएको ६,१५,००० कित्ता शेयरमा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुबाट आवेदन प्राप्त हुन नआएको १,४९,५५० कित्ता शेयर थप गरि कुल ७,६४,५५० कित्ता शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूंजी रु. ४१,००,००,०००/- (अक्षरेपी रु. एकचालीस करोड मात्र) हुनेछ ।

## अधिकृत, जारी तथा चुक्ता पूँजीमा थपघट भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

| मिति | अधिकृत पूँजी रु. | जारी पूँजी रु. | चुक्ता पूँजी रु. |
|---|---|---|---|
| २०६२/०६३ | रु. ७,००,००,०००/- | रु. ५,००,००,०००/- | रु. १०,००,०००/- |
| २०७०/०७१ | रु. ६०,००,००,०००/- | रु. १८,००,००,०००/- | रु. १५,९३,३९,६००/- |
| २०७१/०७२ | रु. ६०,००,००,०००/- | रु. २३,००,००,०००/- | रु. १६,१०,००,०००/- |
| २०७२/०७३ | रु. १५०,००,००,०००/- | रु. ४१,००,००,०००/- | रु. ३०,३५,००,०००/- |
| २०७३/०७४ | रु. १५०,००,००,०००/- | रु. ४१,००,००,०००/- | रु. ३३,३५,४५,०००/- |

## (ख निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरूप) :

कम्पनीको प्रवन्ध-पत्रको दफा ५ (ङ) मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बांडफांड गरे पश्चात् हुने चुक्ता पूंजीको संरचना :

| क्र.स | शेयरधनीहरु | समूह | उप-समूह | साधारण शेयर संख्या | चुक्ता रकम | पूँजी प्रतिशत(%) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | क | उप-समूह क-१ | २,०११,९८७ | २०,११,९८,७०० | ४९.०७ | १०० |
| २ | संस्थापक शेयरधनीहरु | | उप-समूह क-२ | ९८३,०१३ | ९,८३,०१,३०० | २३.९८ | १०० |
| ३<br>४ | सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु) | ख | | २६०,४५० | २६,०४५,००० | ६.३५ | १०० |
| | सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्र तथा सर्वसाधारण, कर्मचारीहरु समेत) | | | ७६४,५५० | ७६,४५५,००० | १८.६५ | निष्काशन हुन बाँकी |
| | जम्मा | | | ४,१००,००० | ४१,००,००,००० | १०० | |

**नोट:** सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)लाई बिक्रि गरिने शेयर निष्काशन गर्न बाँकी रहेको ।

## (ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात)

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुंदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

## ५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

**क. संस्थापक/सञ्चालकको पृष्ठभूमि:**

**१. आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवर प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीहरुको विवरण:**

| क्र.स | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | लमजुङ विद्युत विकास कम्पनी लिमिटेड | - | - | - | त्रिपुरेश्वर ११, काठमाडौं | १,५५२,५१३ | - | - |
| २. | साङ्गे विद्युत कम्पनी लिमिटेड | - | - | - | त्रिपुरेश्वर ११, काठमाडौं | ११९,४७४ | - | - |
| ३. | एजटेक पावर प्रा.लि | | - | - | सानेपा, काठमाडौं | २५८,२९१ | - | - |
| ४. | सि.इ.डि.वि हाइड्रो फण्ड लिमिटेड | - | - | - | त्रिपुरेश्वर ११, काठमाडौं | १०६,७०४ | - | - |

सञ्चालकहरूको विवरण :

<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>पद</th><th>उमेर (वर्ष)</th><th>राष्ट्रियता</th><th>ठेगाना</th><th>शेयर स्वामित्व</th><th>शैक्षिक योग्यता</th><th>प्रतिनिधित्व समूह</th></tr>
<tr><td>१</td><td>श्री विनय कुमार भण्डारी</td><td>अध्यक्ष तथा प्रबन्ध सञ्चालक</td><td>४८</td><td>नेपाली</td><td>महालक्ष्मी न.पा. १०, ललितपुर</td><td>-</td><td>एम.एस्सी (Environmental Mgmt), बी.ई. (इलेक्ट्रिकल)</td><td>उप-समूह क-१</td></tr>
<tr><td colspan="9">अनुभव (सम्बन्धित वा अन्य)<br>- प्रमुख कार्यकारी अधिकृत (सन् २००९ साल देखी हाल सम्म सि.इ.डि.बि हाइड्रो फण्ड लिमिटेडमा कार्य गरिरहेको ।<br>- बुटवल पावर कम्पनी (Business Development Department को Vice President को रुपमा ३ वर्ष, Executive Committee को Secretary को रुपमा २ वर्ष, Distribution Development Consultant को रुपमा १ वर्ष र In-charge Rural Electrification को रुपमा ४ वर्षको कार्यानुभव ।<br>- Hydropower Project Development Expert -IPPAN<br>- Hydropower Project Development Consultant- साइमिला इनर्जी लि.<br>- Project Development Consultant Energy & Environment Solution Pvt. Ltd मा को रुपमा कार्यानुभव ।<br>- Electricity Distribution System Consultant -National Development Management Company<br>- Hydropower & Environmental Specialist - Nepal Water Conversation Foundation मा को रुपमा कार्यानुभव ।<br>- Energy & Environmental Manager- (लमजुङ विद्युत विकास कम्पनीमा ३ वर्षको कार्यानुभव ।<br>Lecturer- Institute of Engineering, Pulchowk मा ७ वर्षको कार्यानुभव ।</td></tr>
<tr><td>२</td><td>श्री ध्रुव राज मिश्र</td><td>सञ्चालक</td><td>५९</td><td>नेपाली</td><td>सिउडीबार ९, लमजुङ</td><td>-</td><td>पोष्ट ग्रयाजुयट इन् मेंटल टेक्नोलोजी एण्ड मेनेजमेन्ट, एम.बी.ए., पि.जि.</td><td>उप-समूह क-१</td></tr>
<tr><td colspan="9">अनुभव (सम्बन्धित वा अन्य)<br>- सन् २०१० साल देखी हाल सम्म सि.इ.डि.बि हाइड्रो फण्ड लिमिटेडमा उपप्रबन्धक (Project Development) भई कार्य गरिरहेको ।<br>- Small Hydropower Promotion Project (SHPP, GTZ), मा Project Engineer को रुपमा ९ वर्षको कार्यानुभव ।<br>वालाजु बन्समाला प्रा.लि. मा Senior Officer को रुपमा १२ वर्ष र Junior Officer को रुपमा २ वर्षको कार्यानुभव</td></tr>
<tr><td>३</td><td>श्री दिपेन्द्र लाल कर्ण</td><td>सञ्चालक</td><td>४०</td><td>नेपाली</td><td>अमरपट्टी ४, पर्सा</td><td>-</td><td>एम.बि.ए.</td><td>उप-समूह क-१</td></tr>
<tr><td colspan="9">अनुभव (सम्बन्धित वा अन्य)<br>- (सन् २०१४ साल देखी हाल सम्म सि.इ.डि.बि हाइड्रो फण्ड लिमिटेडमा उपप्रबन्धक (Account Admin & Corporate Affairs) भई कार्य गरिरहेको ।<br>- Senior Manager -P Anand & Associates मा ७ वर्षको कार्यानुभव ।<br>- Audit Officer - NS & Associates मा २ वर्षको कार्यानुभव ।<br>विभिन्न College मा Lecture को रुपमा ६ वर्षको कार्यानुभव ।</td></tr>
<tr><td>४</td><td>श्री उज्वल सिलवाल</td><td>सञ्चालक</td><td>२९</td><td>नेपाली</td><td>बोराखारी ३, ललितपुर</td><td>-</td><td>बी.ई. (सिभिल)</td><td>उप-समूह क-१</td></tr>
<tr><td colspan="9">अनुभव (सम्बन्धित वा अन्य)<br>- सन् २०१४ साल देखी हाल सम्म दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडमा सहायक प्रबन्धक (Project Development) भई कार्य गरिरहेको ।<br>- Engineer -Hulas Steel Industries मा ४ वर्षको कार्यानुभव ।<br>- JK Associate df Engineer भई १ वर्षको कार्यानुभव ।</td></tr>
<tr><td>५</td><td>श्री मनी प्रसाद गुरुङ</td><td>सञ्चालक</td><td>४६</td><td>नेपाली</td><td>बाहुनडाडा ५, लमजुङ</td><td>-</td><td>एस.एल.सी</td><td>उप-समूह क-२</td></tr>
<tr><td colspan="9">अनुभव (सम्बन्धित वा अन्य)<br>- अध्यक्ष - Silver Valley & Credit Co-operative<br>- संचालक - BDM Trading Pvt. Ltd.</td></tr>
</table>

२. **संस्थापकहरू कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरूको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

**संस्थापक कम्पनीको नाम, तथा ठेगाना सहितको संक्षिप्त विवरण निम्न अनुसार रहेको छ ।**

**सि.इ.डि.वि हाइड्रो फण्ड लिमिटेड**

क्लिन इनर्जी डेभलपमेन्ट बैंकद्वारा प्रवर्धित सि.इ.डि.वि हाइड्रो फण्ड लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६६/०८/१५ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, मा रहेको छ । जलविद्युत तथा अन्य वैकल्पिक उर्जाका क्षेत्रको विकास, विस्तार र प्रवर्धन गर्नका लागि जलविद्युत तथा अन्य वैकल्पिक उर्जाको उत्पादन तथा वितरण गर्ने मुख्य उद्देश्यले स्थापित यस कम्पनीद्वारा प्रवर्धित आयोजनाहरु (१८३ KW साङ्डे जलविद्युत आयोजना, ४.४ MW राधि जलविद्युत आयोजना र ४ MW खुदि जलविद्युत आयोजना) निर्माण भइसकेको र । ११ MW तल्लो खारे खोला जलविद्युत आयोजना, १०.३ MW दोर्दी १ जलविद्युत आयोजना, ५ MW रुकुमगाड जलविद्युत आयोजना र ३० MW न्यादी जलविद्युत आयोजना । निर्माणाधिन रहेको छ। कम्पनीले ४५ MW कसुवा खोला जलविद्युत आयोजना प्रवर्धन तथा लगानी गरेको छ।

**गण्डकी इनर्जी लिमिटेड**

गण्डकी इनर्जी लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६७/११/०८ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ। कम्पनीले ४.७२ MW माथिल्लो रुकुमगाड जलविद्युत आयोजना अध्ययन तथा विकास गर्दै छ र ५० MW नार खोला जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिको लागि विद्युत विकास विभागमा निवेदन दिएको छ।

**लम्जुङ विद्युत विकास कम्पनी लिमिटेड**

लमजुङ जिल्लाको साबिक धर्मु गा.वि.स. हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ भई बग्ने राधी खोलाको पानी र सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ ।

**९. आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत:**
लमजुङ जिल्लाको धर्मु गा.वि.स. भई बग्ने राधी खोलाको पानी ।

**१०. सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण:**
(अ) निष्काशन तथा बिक्री प्रबन्धक :रु. ६,५०,०००/-
(आ) ट्रष्टि (डिबेन्चर/बण्ड निष्काशनको हकमा) :सो नभएको ।
(इ) प्रत्याभूतिकर्ता : सो नभएको ।
(ई) बिज्ञहरु : सो नभएको ।
(उ) लेखापरीक्षक : कम्पनीले प्रक्षेपित विवरणहरु प्रमाणित गर्ने लेखा परिक्षक श्री डुगाना बाइ. एण्ड एसोसिएटसलाई रु. ३०,०००/- प्रदान गरेको छ ।
(ऊ) अन्य : संकलन केन्द्रलाई आवेदन फारमसहित रकम संकलन गरे बापत संकलित रकममा ०.१०% (शून्य दशमलव शून्य दश प्रतिशत) सेवा शुल्क, बाँडफाँडमा नपरेको शेयर बापतको रकम आवेदकहरुलाई फिर्ता भुक्तानी दिदा फिर्ता भुक्तान भएको रकममा ०.०५% (शून्य दशमलव शून्य पाँच प्रतिशत) सेवा शुल्क र शेयरधनीहरुलाई शेयरको प्रमाणपत्र वितरण गरेबापत प्रतिप्रमाणपत्र रु. ३।- सेवा शुल्कको रुपमा दिने व्यवस्था गरिएको छ ।

**ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:**
राधी जलविद्युत आयोजना सन्चालनमा आइसकेकोले यो आवश्यक नपर्ने ।

**घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम थप्नु पर्ने कारण र औचित्य** : प्रिमियम थप नगरिएको ।

**ङ धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था:**

**१. अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया : निर्देशिका**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ ।

**२ अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था** :
आस्वा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

**३ निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर** :
उपरोक्त व्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**४ धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि** :
निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ ।

**५ धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सुचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : हाल सम्म सूचीकरण भई नसकेको ।

**६ धितोपत्र सूचीकरण भैसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

**च. प्रत्याभूति सम्बन्धी विवरण:**

**१ धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये ५०% ले हुन आउने ३,८२,२७५ कित्ता शेयरका लागि श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नारायणचौर, नक्सालद्वारा प्रत्याभूति सेवाप्रदान गरिएको छ । उक्त प्रत्याभूति सेवा प्रदान गरे वापत श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेडलाई रु. २,३०,००० /- प्रदान गरिएको छ ।

**२ धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. प्रत्याभूतिकर्ताले ३,८२,२७५ कित्ता शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।
२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत माइक्रोफाइनान्स वित्तीय संस्थाले रु. २,३०,००० /- कमिशनको रुपमा दिइने छ ।
३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूतित कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरुमा सीमित हुने गरि खरिद गर्ने सहमती जनाएको छ ।
५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वतः खारेज हुनेछ ।
६. उक्त अवधिमा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ तर समझदारीमा आउन नसक्ने अवस्थामा मध्यस्थकर्ताको सहभागितामा समाधान गरिने छ ।

**छ. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु:**

**१ धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले प्रचलित कानून बमोजिम उपलब्ध हुने हक अधिकारको प्रयोग गर्न पाउने ।
२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही बैंकले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभांश वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकृती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।

**२ नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण**

१. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, त्रिपुरेश्वर तथा नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरीदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु. १०० /- का दरले दरले आश्वा सदस्य बैंक तथा वित्तिय संस्थामा दरखास्त दिनुपर्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम ५० (पचास) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम ३,८०० (तीन हजार आठ सय) कित्तासम्म शेयर खरीद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**३ आवेदन दिँदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् । संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत निष्काशन गरिएको शेयर का लागि आवेदन दिन पाउने छैनन् । निष्काशित सम्पूर्ण धितोपत्रका लागि सर्वसाधारण नेपाली नागरिकबाट आवेदन नआएको खण्डमा मात्र नेपाली संघ संस्था वा कम्पनीले आवेदन प्राप्त हुन नआएका शेयरका लागि आवेदन दिन सक्ने छन् र सो को जानकारी निष्काशन तथा बिक्री प्रबन्धकले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ ।
२. दरखास्त दिँदा आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउन पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराइने आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।
३. आवेदकहरुले आवेदन दिँदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुदैन ।
४. संयुक्त रुपमा साधारण शेयर खरीद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरीद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसँग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसँग गरिनेछ ।

५. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

६.रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

७. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँड परेका आवेदकहरुलाई बाँडफाँड परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

८. धितोपत्र खरीदको लागि दरखास्त दिदाको अवस्थामा वा दरखास्त दिइसकेपछि दरीद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रवन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयमले बुझ्नु पर्नेछ ।

**११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

कम्पनी र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासंगको सम्बन्ध, कारोबारको प्रकृति र रकम सम्बन्धी विवरण:

**क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:** सो नभएको ।

**(ख) आधारभूत शेयरधनी:** आयोजना सञ्चालनको लागी मासिक रु ४,००,००० - परामर्श शुल्क समजुङ विद्युत विकास कम्पनीलाई दिनेछ ।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको ।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**(ङ) संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा:** सो नभएको ।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण:** सो नभएको ।

**१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** सो नभएको ।

**१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण:**

(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या : सो नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या : सो नभएको ।

**१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण:**

सार्वजनिक निष्काशन भन्दा अघि यस कम्पनीले प्रचलित कानून बमोजिम उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गर्दा विवरणपत्र प्रकाशित गरिएको बाहेक अन्य विवरणपत्र प्रकाशित नगरिएको । विवरणपत्रमा प्रकाशित आ.व. २०७३/७४ को प्रक्षेपित खुद मुनाफा र वास्तविक खुद मुनाफामा ०.०९ प्रतिशत न्यून रहेको छ । आ.व. २०७३/७४ को अन्त्य सम्ममा सार्वजनिक निष्काशन गरि चुक्ता पूंजी रु. ४१,००,००,००० (एकचालिस करोड) पुऱ्याउने लक्ष्य रहेकोमा, निष्काशन प्रकृया ढिला हुनाले आ.व. २०७४/७५ मा पुग्ने ।

**१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरीक्षक/ प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको आदिको नाम तथा ठेगाना**

(१) कम्पनीको आ.व.२०७३/७४ को आम्दानी खर्च हिसाव तथा वासलातको लेखापरीक्षण डि.एन शाह एण्ड एशोसिट्स का चार्टर्ड एकाउण्टेन्ट श्री दिप नारायण शाह ले गर्नुभएको छ ।

(२) प्रमुख बैंक : यस आयोजनामा ऋण लगानी गर्दा प्रमुख बैंकको रुपमा बैंक अफ काठमाण्डौ रहेको छ ।

(३) निष्काशन बैंक (Bankers to the Issue) :

यस विवरण-पत्र मार्फत निष्काशित साधारण शेयरहरुका लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा नबिल बैंक लिमिटेड, सानिमा बैंक लिमिटेड, नक्साल, काठमाडौंलाई तोकिएको छ । साथै आवश्यकता अनुसार बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत निष्कासन बैंकको रुपमा नियुक्त गरिनेछ ।

साथै आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिइ अन्य वाणिज्य बैंकहरुलाई समेत यस निष्काशनको लागी निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिन्छ ।

(४) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :

यस विवरण-पत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने विज्ञमा राधी विद्युत कम्पनी लिमिटेड आफै रहेको छ ।

(५) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ :

यस विवरण-पत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा एस लामा एण्ड एशोसिट्सका चार्टर्ड एकाउण्टेण्ट श्री सुप्रिज लामा रहनु भएको छ ।

(६) आयोजना संचालनको लागि परामर्शदाता प्रोफेसनल नेटवर्क फर ईन्जिनियरिङ्ग सर्भिस प्रा.लि ९एनइन्सेटिएस रहेको छ ।

ख). माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु:

- **लेखापरीक्षक:** सो नभएको ।
- **निष्काशन बैंक (Bankers to the Issue)** :

निष्काशन बैंक (Banker to the Issue) संग गरिएका मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन् :

- संकलन केन्द्रहरुबाट आवेदन फारम वापत जम्मा भएका रकमहरु जम्मा गर्ने ।
- लगानीकर्ताहरुको रकमको सुरक्षा गर्ने ।

- **परामर्शदाता :**

परामर्शदाता संग गरिएका मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन् :

- सिभिल, मेकानिकल र इलेक्ट्रोमेकानिकल संरचनाको निरिक्षण गरि प्रतिवेदन तयार गर्ने ।
- आयोजनाको निरिक्षण, नियन्त्रण गरि प्रतिवेदन तयार गर्ने ।
- सुख्खायाम महिनाको पानीको बहाव नापि उत्पादन हुन सक्ने विद्युत शक्तिको प्रक्षेपण गर्ने ।
- आयोजनालाई हुन सक्ने जोखिम व्यवस्थापनको जानकारी गराउने ।
- वातावरण र सामाजिक व्यवस्थापन संयत्रको सवै पक्षहरुको कार्यान्वयन र अनुगमन गर्ने ।

१६. **परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:**
यो परियोजना निर्माण गर्न संस्थापक शेयरधनिहरुको स्वलगानी तथा बैंक अफ काठमाडौंको सह वितियकरणमा कुमारी बैंक लि., ग्लोबल आई.एम.ई बैंक लि., जनता बैंक लि. तथा सानिमा बैंक लि बाट रु. ४४ करोड ऋण व्यवस्थापन गरिएको छ । ऋण भुक्तानी अवधि आयोजनाको व्यापारिक उत्पादन मिति देखी १२ वर्ष रहेको छ । कम्पनीले आर्थिक वर्ष २०७३-०७४ सम्म १२ किस्ता भुक्तानी गरिसकेको छ ।

| **बैंकको नाम** | **रकम रु.** |
|---|---|
| बैंक अफ काठमाडौं | १००,०००,००० |
| कुमारी बैंक लि | १००,०००,००० |
| ग्लोबल आई.एम.ई बैंक लि | १००,०००,००० |
| जनता बैंक लि | ७०,०००,००० |
| सानिमा बैंक लि | ७०,०००,००० |
| **जम्मा ऋण** | **४४०,०००,०००** |

१७. **मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा:** सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण:** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण:** सो नभएको ।

१८. **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:**
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंका श्री विश्वनाथ उप्रेतीलाई ०१-४४११६०४ मा सम्पर्क गर्न सकिनेछ ।

१९. **नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समुहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:** सो नभएको ।

२०. **ऋणपत्र निष्काशन सम्बन्धी विवरण:**
हालसम्म राधी विद्युत कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र यस निष्काशन साधारण शेयरको सर्वसाधारणमा निष्काशन मात्र हो ।

२१. **अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण:** अग्राधिकार शेयर जारी गरिएको छैन ।

२२. **अन्य सामान्य जानकारी:**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:** सो नभएको ।

(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:

| **क्र.सं** | **नाम** | **कैफियत** |
|---|---|---|
| १ | श्री मुक्त बहादुर गुरुङ | श्री मुक्त बहादुर गुरुङको निधन भएको, श्री विनय कुमार भण्डारी अध्यक्षमा नियुक्ती भएको |

| | | |
|---|---|---|
| २ | श्री अनिमेष कुमार | लमजुङ विद्युत विकास कम्पनीले श्री अनिमेष कुमारको स्थानमा श्री युव राज पौडेललाई नियुक्त गरेको |
| ३ | श्री युव राज पौडेल | श्री युव राज पौडेलको ठाउमा श्री दिपेन्द्र लाल कर्णलाई लमजुङ विद्युत विकास कम्पनीले नियुक्ती गरेको |
| ४ | श्री रवि किशोर दत्त | लमजुङ विद्युत विकास कम्पनीले श्री रवि किशोर दत्तको स्थानमा श्री उज्वल सिल्वाल नियुक्ती गरेको |
| ५ | श्री अनुराग शर्मा | लमजुङ विद्युत विकास कम्पनीले श्री अनुराग शर्माको स्थानमा थप एक रिक्त सञ्चालक नियुक्ती गर्न बाँकी |
| ६. | श्री राम बहादुर गुरुङ | वार्षिक साधारण सभामा कम्पनीको नियमावली अनुसार उप-समूह "क-२" बाट १ जना संचालक श्री मनी प्रसाद गुरुङ निर्वाचित । |
| ७. | श्री हेम जङ गुरुङ | वार्षिक साधारण सभामा कम्पनीको नियमावली अनुसार उप-समूह "क-२" बाट १ जना संचालक श्री मनी प्रसाद गुरुङ निर्वाचित । |

**लेखापरीक्षकमा भएको परिवर्तन:-**

| क्र.स | कम्पनी | नाम | आर्थिक बर्ष |
|---|---|---|---|
| १ | देउकी विजय एण्ड कम्पनी | श्री प्रमोद कुमार स्वर्णकार | ०७१/०७२ |
| २ | देउकी विजय एण्ड कम्पनी | श्री चन्द्र शेखर देव | ०७२/०७३ |
| ३ | डी एन शाह एण्ड एशोसिएट्स | श्री दिप नारायण शाह | ०७३/०७४ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता:**

नाम : श्री सुरेश चन्द्र खरेल
ठेगाना : शान्तीनगर ३४, काठमाडौं
योग्यता : स्नातक (कानुन)

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:**

कम्पनीको मिति २०७४/०२/१२ मा सम्पन्न सञ्चालक समितिको बैठकले आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि छुट्याइएको ४,१०,००० कित्ता साधारण शेयरहरु मध्ये अबितरित १,४९,५५० कित्ता साधारण शेयरहरु सार्वसाधारण नेपाली नागरिकका लागि छुट्याइएको ६,१५,००० कित्ता शेयरमा थप गरि जम्मा ७,६४,५५० कित्ता शेयरहरुको सार्वजनिक निष्काशन गर्ने निर्णय गरियो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:**

यो आयोजनाबाट प्राप्त हुने आयमा ७ वर्ष (२०७७ सालसम्म) आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।

१.कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ११, त्रिपुरेश्वर, काठमाडौं
२.नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

आ.व. २०७१/७२ मा ६.९९ प्रतिशत बोनस शेयर जारी गरिएको छ। भविष्यमा पनि प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्थाअनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिएको ७,६४,५५० कित्ता शेयरहरुमध्ये कर्मचारीहरुका लागि २ प्रतिशत अर्थात १५,२९१ कित्ता शेयर र सामूहिक लगानी कोषका लागि ५ प्रतिशत अर्थात ३८,२२८ कित्ता शेयर सुरक्षित गरिएको र बाँकी ७,११,०३१ कित्ता शेयर सार्वसाधारण नेपाली जनताका लागि सार्वजनिक निष्काशन गरिएको ।

**(झ) कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरण-पत्रमार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्बा (ASBA) संस्था मार्फत आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ।

**(ट) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**
यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन वित्तीय संस्था तथा बिक्री प्रबन्धक-नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नक्साल, काठमाडौं, रहेको छन्।

**(ठ) सकारात्मक पक्षहरु :**
- आयोजनाबाट प्राप्त हुने आयमा ७ वर्ष (२०७७ सालसम्म) आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको।
- यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**
नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस राधी विद्युत कम्पनीको कार्यालयबाट वा राधी विद्युत कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

**(ढ) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरण-पत्र द्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ दिन तथा अधिकतम ३० दिनको लागि हुनेछ।

**(ण) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**
नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल लिमिटेडले यस राधी विद्युत कम्पनी लिमिटेडले जारी गर्न लागेको साधारण शेयरलाई औसत आधारहरु (Fundemantals) जनाउने "[ICRANP] IPO Grade 3" ग्रेडिङ्ग मिति २०७४/०५/१५ मा प्रदान गरेको छ र सो ग्रेडिङ्ग मिति २०७४/११/१५ सम्म बहाल रहनेछ। इक्रा नेपालले १ देखि ५ प्वाइन्ट स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ, जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ। ग्रेड २, ३, र ४ मा प्रदान गरिने (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकरात्मक स्थितिलाई जनाउँदछ।

**(त) बैंकिङ, वित्तीय वा बीमा सम्बन्धी व्यसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्थाले सार्वजनिक निष्काशन गर्दा पूरा गर्नु पर्ने शर्तहरु :**

**(१) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको।**
यस कम्पनीले घेमु गा.वि.स. १, २ र ३, लमजुङमा राधी खोलाको पानी उपयोग गरी ४.४ मेगा वाट क्षमताको राधी साना जलविद्युत आयोजना सफलता पूर्वक निर्माण सम्पन्न गरी २०७१ साल जेठ ३१ गतेबाट व्यापारिक उत्पादन समेत सुरु गरि राष्ट्रिय ग्रीडमा बिक्री गरीरहेको छ।

**(२) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको।**
यस कम्पनीको आ.व. २०७२/७३ को लेखापरीक्षण तथा साधारणसभा मिति २०७३ पौष २४ गते सम्पन्न भएको हो।

**(३) आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिईसकेको।**
नेपाल सरकार, जलस्रोत मन्त्रालयबाट मिति २०६५/०२/०९ मा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई, मिति २०६८/०१/२८ मा नेपाल सरकार,ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६७/०६८ वि.उ. ०४७) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०३/०१/२७ गते सम्म बहाल रहनेछ।

**(४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यलय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको।**
४.४ मेगा वाट क्षमताको राधी साना जलविद्युत आयोजना सफलता पूर्वक निर्माण सम्पन्न गरी २०७१ साल जेठ ३१ गतेबाट व्यापारिक उत्पादन समेत सुरु गरि राष्ट्रिय ग्रीडमा बिक्री गरीरहेको छ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रक्रया अगाडि बढाई सकेको।**
राधी साना जलविद्युत आयोजना सफलता पूर्वक निर्माण सम्पन्न भैसकेको छ।

**(६) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको।**
यस कम्पनीको धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नक्साल, काठमाडौं संग सम्झौता भएको छ।

**(७) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको।**
राधी साना जलविद्युत आयोजना सफलता पूर्वक निर्माण सम्पन्न भैसकेको छ।

**(८) संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको।**
संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको छ।

(९) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको ।

बैंक अफ काठमाडौंको सह वित्तियकरणमा कुमारी बैंक लि., ग्लोबल आई.एम.ई बैंक लि., जनता बैंक लि. तथा सानिमा बैंक संग परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर सम्पन्न भएको छ।

(१०) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको ।

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच २०६६.१०.१८ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको हो। उक्त सम्झौताको पहिलो संशोधन मिति २०६८.१०.२७ गते भएको छ भने सुविधा सम्बन्धि सम्झौता समेत २०७१.०७.०३ गते सम्पन्न भैसकेको छ।

(११) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभुति गराएको ।

सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम, श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड संग प्रत्याभुति सम्झौता भएको छ।

२३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत:

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विनय कुमार भण्डारी | अध्यक्ष | |
| २ | श्री ध्रुव राज मिश्र | संचालक | |
| ३ | श्री दिपेन्द्र लाल कर्ण | संचालक | |
| ४ | श्री उज्वल सिलवाल | संचालक | |
| ५ | श्री मनी प्रसाद गुरुङ | संचालक | |

NABIL INVEST

(A Subsidiary of Nabil Bank Ltd.)

मिति: २०७५/०६/२५

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर

विषय: धितोपत्र निष्कासन तथा बिक्री प्रबन्ध बारे।

महोदय,

काठमाडौं, त्रिपुरेश्वरमा रजिष्टर्ड कार्यालय रहेको तथा नुवाकोट जिल्लामा आयोजना रहेको राधी विद्युत कम्पनी लिमिटेडले सर्वसाधारणमा निष्कासन गर्न लागेको रु १००/- अंकित दरका ५,६४,८८० कित्ता शेयरहरू जारी गर्न निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौं। शेयरहरू निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाउनेछौं। प्रस्तुत निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा तथ्यहरू हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप रहेका, पूर्ण र सही भएको र लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी साथै पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्कासित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।
४. कम्पनीले निष्कासन गर्न लागेको शेयरका लागि आवेदन दिने आवेदकहरूलाई विवरणपत्र तथा दरखास्त फारम सहज रुपमा वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।
५. हामीले तपाईं बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख भए कुराहरूको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरूसँग अनुरुप हुने गरी कम्पनीले भएको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक
नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड को तर्फबाट

नाम: अमेश थापा
पद: प्रमुख मर्चेन्ट बैंकिङ

सही:

कार्यालयको छाप:

**Deoki Bijay & Co.**
*Chartered Accountants*

ICAN Firm Regn. No. 14
PAN 300074651

Subodh Uniform Complex
3rd Floor, Kalikasthan
Ward No.32, Dillibazar
Post Box: 25041
Kathmandu.
Ph. +977-1-2297212
E-mail: ca.dbcnepal@gmail.com

**राधी विद्युत कम्पनी लिमिटेडका**
**शेयरधनी महानुभावहरु समक्ष**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**वित्तिय विवरण माथी प्रतिवेदन :**

हामीले श्री राधी विद्युत कम्पनी लिमिटेडको यसै साथ संलग्न ३१ आषाढ २०७३ (जुलाई १५, २०१६) को वासलात, सोहि मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौ ।

**वित्तिय विवरणहरुप्रतिको व्यवस्थापनको उत्तरदायित्व :**

प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान अनुसार यी वित्तिय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तुतीकरण गर्ने उत्तरदायित्व व्यवस्थापनको रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटिबाट हुनसक्ने सारभूत रुपमा त्रुटिपूर्ण रहित वित्तिय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन तथा संचालन गर्ने, उपयुक्त लेखा नीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरुप उचित लेखा अनुमानको प्रयोग पनि समावेश हुन्छ ।

**लेखा परिक्षकको उत्तरदायित्व :**

लेखापरिक्षणको आधारमा वित्तिय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो उत्तरदायीत्व हो । हामीले हाम्रो लेखा परिक्षण नेपाल लेखापरिक्षण मान बमोजिम सम्पन्न गरेका छौ । ती मानले हामिलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तिय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरिक्षण अन्तर्गत वित्तिय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरुको पुस्टयाई गर्ने प्रमाणको नमुना परिक्षण गरिन्छ । नमुना परिक्षण हाम्रो विवेक तथा जालसाजी वा त्रुटिका कारणले वित्तिय विवरणहरुमा हुने सारभूत त्रुटिको जोखिमको आंकलनमा भर पर्दछ । जोखिमको आंकलन गर्दा संस्थाका वित्तिय विवरणहरुको तयारी एवं उचित प्रस्तुति सम्बद्ध आन्तरिक नियन्त्रण विश्लेषण गरि परिस्थितिजन्य लेखापरीक्षणका कार्यविधिहरु तर्जुमा गर्छौ । यी लेखापरीक्षणका कार्यविधिहरु संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारितामा राय प्रकट गर्ने प्रयोजनका लागि भने होइनन । व्यवस्थापनले अवलंबन गरेका लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरु एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन गर्नु पनि लेखापरीक्षण अन्तर्गत पर्दछ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

देवकी विजय एण्ड कं. चार्टर्ड एकाउन्टेन्ट्स काठमाडौं ...क्रमश:

**कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनले तोकेका कुराहरु उपरको प्रतिवेदन :**

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ एवं स्पष्टिकरण सन्तोषजनक पायौं, जुन हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो ।

ख) हाम्रो रायमा प्रस्तुत वितिय विवरणहरु कम्पनी ले राखेको लेखासंग दुरुस्त छन् र तिनीहरु प्रचलित कानुन बमोजिम तयार भएका छन् ।

ग) हाम्रो रायमा यस प्रतिवेदन संग सम्बद्ध वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु कम्पनी ऐन २०६३ ले तोके बमोजिम तयार भएको छ र कम्पनीले राखेको लेखासंग दुरुस्त रहेको छ ।

घ) हाम्रो रायमा हामिले गरेको लेखापरीक्षणको आधारमा कम्पनीले आफ्नो कारोबार सन्तोषजनक गरेको छ ।

ङ) हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टिकरण र हामीले परिक्षण गरेका श्रेस्ताबाट संचालक समिति वा सदस्य अथवा कुनै पदाधिकारीले लेखा सम्बन्धी कानुनी व्यवस्थाहरु विपरित कार्य गरेको वा अनियमितता गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको वा लेखा सम्बन्धी कुनै जालसाजी गरेको जानकारी हुन आएन ।

**लेखापरीक्षकको राय :**

हाम्रो रायमा कम्पनीको वितिय विवरणहरु, उपरोक्त हरफहरुमा उल्लेख गरिएका विषयहरुबाट पर्नसक्ने प्रभाव बाहेक यसै साथ संलग्न लेखा सम्बन्धि टिप्पणीहरुको समेत अध्ययन गर्दा ३१ आषाढ २०७३ (जुलाई १५, २०१६) को आर्थिक अवस्था, तथा उक्त अवधिको वितिय कारोबार, इक्विटी मा भएको परिवर्तन र नगद प्रवाह नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप समुचित तथा यथार्त चित्रण गर्दछ तथा उक्त वितिय विवरणहरु कम्पनी ऐन २०६३ अनुरुप रहेका छन ।

नि: देवकी विजय एण्ड कं.
चार्टर्ड एकाउण्टेण्ट्स

सिए. सि.एस. देव
साभेदार

स्थान: काठमाडौं
मिति:- २०७३|०७|१२